लमही राजपत्र

लमही नगरपालिकाद्वारा प्रकाशित

खण्ड : ८)     लमही, दाङ,   (संख्या : १   मिति :२०८१/०७/०१


भाग-२

# लमही नगरपालिका

## "निजी श्रोत शिक्षक तथा कर्मचारी अनुदान सम्बन्धी कार्यविधि, २०८१"

**प्रस्तावनाः** लमही नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा बालशिक्षा देखी १० कक्षा सम्म निःशुल्क शिक्षा कार्यान्वयन गर्ने कार्यका लागि विद्यालयमा अपुग हुने शिक्षक तथा कर्मचारीको व्यवस्थापन गर्न, विद्यालय सञ्चालन र व्यवस्थापन अनुदान प्रदान गर्न, गराउन तथा गुणस्तरीय शिक्षा प्रदान गर्न तहगत रुपमा स्वीकृत शिक्षक दरबन्दी र विद्यार्थी अनुपातलाई हेर्ने हो भने तहगत तथा विषयगतका आधारमा शिक्षक दरबन्दी अत्यन्तै न्यून रहेको अवस्था छ । एकातिर नेपाल सरकारले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षालाई जोड दिइरहेको छ भने अर्कातिर पर्याप्त रुपमा शिक्षक दरबन्दी उपलब्ध गराउन र न्यून विद्यार्थी संख्या भएका विद्यालयहरुलाई एकापसमा मर्ज गर्न सकिरहेको छैन ।यस कारण सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्याको आधारमा शिक्षक तथा कर्मचारी व्यवस्थापन गरी अध्यापन गराउन समस्या रहेको छ ।तसर्थ मुलुकमा संघीयता लागु भएसँगै स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ११ को उपदफा (ज) १ र २१ ले प्रत्यायोजन गरेको अधिकार बमोजिम सामुदायिक विद्यालयमा भएको शिक्षक तथा कर्मचारीको अभावलाई सम्बोधन गर्न वाञ्छनीय भएकोले नगरपालिकाबाट **निजी श्रोत शिक्षक तथा कर्मचारी अनुदान सम्बन्धी कार्यविधि,** २०८१ तयार गरी लागु गरिएको छ।

# परिच्छेद – १
# प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

१.१ यस कार्यविधिको नाम **"सामुदायिक विद्यालयमा निजी श्रोत शिक्षक तथा कर्मचारी अनुदान सम्बन्धी कार्यविधि, २०८१"**रहने छ । यो कार्यविधि लमही नगरपालिकाको कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुने छ ।

१.२ **"परिभाषा" विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

१.२.१ **"कार्यविधि"** भन्नाले **सामुदायिक विद्यालयमा निजी श्रोत शिक्षक तथा कर्मचारी अनुदानसम्बन्धी कार्यविधि, २०८१** लाई सम्झनुपर्दछ ।

१.२.२**"कार्यपालिका"** भन्नाले लमही नगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्दछ ।

१.२.३.**"नगर शिक्षा समिति"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा ज को ६ बमोजिम गठित नगर शिक्षा समितिलाई सम्झनुपर्दछ ।

१.२.४ **"शाखा"** भन्नाले लमही नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्दछ ।

१.२.५ **"विद्यालय व्यवस्थापन समिति"** भन्नाले संघीय शिक्षा ऐन २०२८ (संशोधनसहित) को दफा १२ बमोजिम सामुदायिक विद्यालयमा गठित विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्दछ।

१.२.६**"सामुदायिक विद्यालय"** भन्नाले नेपाल सरकार तथा नगरपालिकाबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालयलाई सम्झनुपर्दछ ।

१.२.७**"धार्मिक विद्यालय"** भन्नाले परम्परागत रुपमा चलिआएका गोन्पा, गुम्बा, गुरुकुल आश्रम र मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई जनाउँदछ ।

१.२.८**"स्थानीय तह"** भन्नाले लमही नगरपालिका सम्झनुपर्दछ ।

१.२.९**"अनुदान"** भन्नाले सामुदायिक विद्यालय र सामुदायिक सिकाइ केन्द्रका लागि नगरपालिका मार्फत प्रदान गरिने विभिन्न शीर्षकका अनुदानलाई बुझ्नुपर्दछ ।

१.२.१०**"प्रधानाध्यापक"** भन्नाले शिक्षा नियमावली २०५९, (संशोधन सहित) को नियम ९३ बमोजिम नियुक्त विद्यालयको प्रधानाध्यापक सम्झनुपर्दछ ।

१.२.११**"शिक्षक"** भन्नाले निःशुल्क शिक्षा कार्यान्वयनका लागि विद्यालयमा पालिकाबाट उपलब्ध भएको अनुदानबाट तलब लगायतका सुविधा लिने शिक्षकलाई सम्झनुपर्दछ ।

१.२.१२**"कर्मचारी"**भन्नाले निःशुल्क शिक्षा तथा जीवनपर्यन्त शिक्षा कार्यान्वयनका लागि विद्यालयमा पालिकाबाट उपलब्ध अनुदानबाट तलब लगायतका सुविधा लिने गरी नियुक्त कर्मचारी वा विद्यालय सहयोगी लाई सम्झनुपर्दछ ।

१.२.१३ **"थप तलव"** भन्नाले संघीय सरकारबाट अनुदान उपलब्ध गराउने न्यून वेतनधारी बालविकास सहयोगी कार्यकर्ता, विद्यालय कर्मचारी र सामुदायिक सिकाइ केन्द्रका परिचारिकालाई न्यूनतम तलवमान पुर्‍याउनका लागि पालिकामार्फत उपलब्ध गराउने थप रकम सम्झनु पर्दछ।

१.२.१४**"सामुदायिक सिकाइ केन्द्र"**भन्नाले समुदायका मानिसहरु मिलेर समुदायको विकासका लागि समुदायकै सक्रियता र सहभागितामा स्थापना र व्यवस्थापन गर्ने गरी स्थापित अनौपचारिक प्रकृतिको स्वायत्त, स्वशासित र बहुउद्देश्यीय स्थानीय शैक्षिक संस्थालाई सम्झनुपर्दछ ।

१.२.१५**"प्रोत्साहन"**भन्नाले लमही नगरपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुलाई शिक्षा नियमावलीको परिच्छेद १७ को नियम ९३ बमोजिम प्रत्येक महिनामा खाइपाइ आएको प्रधानाध्यापक भत्तामा नगरपालिकामार्फत रु.५००।- का दरले उपलब्ध गराउने थप प्रोत्साहन रकम बुझ्नुपर्छ ।

## परिच्छेद – २

## उद्देश्यः

**२.१ यो कार्यविधि जारी गर्नुको उद्देश्य देहायअनुसार रहेको छः**

२.१.१ निःशुल्क शिक्षा कार्यान्वयनका लागि विद्यालयमा निजी स्रोत शिक्षक, कर्मचारी, प्रधानाध्यापक, सामुदायिक सिकाई केन्द्रका परिचालिकालाईविभिन्न शीर्षक बमोजिमको अनुदान उपलब्ध गराउनु।

२.१.२ निःशुल्क शिक्षाको माध्यमबाट विद्यालय शिक्षामा बालबालिकाहरुको पहुँच अभिवृद्धि तथागुणस्तरीय शिक्षाको आधार तयार गर्नका लागि अनुसूची ३, ४ र ५ बमोजिमको रकम विद्यालयलाईएकमुष्ठ अनुदान दिनु।

२.१.३ समानता र समावेशी शिक्षाको माध्यमबाट शिक्षाको अवसर प्रदान गर्नु ।

२.२ लमही नगरपालिकाभित्र सञ्चालित बालशिक्षा देखी १० कक्षा सम्मका सामुदायिक विद्यालयहरुमा निःशुल्क तथा गुणस्तरीय शिक्षा सुनिश्चित हुनेछ । विद्यालयमा शिक्षक विद्यार्थी अनुपातका आधारमा प्रचलित शिक्षा ऐन तथा नियमावली अनुसार शिक्षक तथा कर्मचारीको व्यवस्थापन र सञ्चालनको लागि अनुदान उपलब्ध भएको हुनेछ ।

## परिच्छेद – ३

## निर्देशक समिति रहनेः

३.१ नगरपालिका तहमा निःशुल्क शिक्षाको प्रभावकारी रुपमा कार्यान्वयन तथा व्यवस्थापन गर्नका लागि निम्नानुसारको निर्देशक समिति रहनेछ ।

**(क)** प्रमुख, नगरपालिका – संयोजक

**(ख)** उपप्रमुख, नगरपालिका – सदस्य

**(ग)** प्रमुख प्रशासकीय अधिकृत – सदस्य

**(घ)** सामाजिक विकास समितिका संयोजक – सदस्य

**(ङ)** आर्थिक विकास समितिका संयोजक – सदस्य

**(च)** आर्थिक प्रशासन शाखा प्रमुख – सदस्य

**(छ)** शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख – सदस्य- सचिव

३.२समितिको बैठक प्रत्येक तीन महिनामा कम्तीमा एकपटक बस्नेछ र आवश्यकतानुसार जुनसुकै बेला पनि बस्न सक्नेछ।

३.३ समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा हुनेछ ।

३.४ बैठकमा आवश्यकतानुसार आमन्त्रित सदस्यलाई आमन्त्रण गर्न सकिनेछ ।

३.५ निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

३.५.१ निःशुल्क शिक्षा कार्यान्वयनका लागि योजना तथा कार्यक्रम स्वीकृत गर्ने ।

३.५.२ निःशुल्क शिक्षा कार्यान्वयनका लागि संघीय सरकार, प्रदेश सरकार, विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थासँग समन्वय र सहजीकरण गर्ने ।

३.५.३ यस कार्यक्रमसँग सम्बन्धित कार्यहरुको नियमित अनुगमन, मूल्यांकन तथा पृष्ठपोषण प्रदान सम्बन्धी कार्यहरु गर्ने ।

३.५.४ आवश्यकतानुसार कार्यविधिको संशोधन गर्ने ।

३.५.५ यस कार्यविधि कार्यान्वयनका लागि आवश्यक पर्ने नीतिगत निर्णयहरु गर्न सहजीकरण गर्ने पहल गर्ने ।

## परिच्छेद – ४

**४.१ अनुदान वितरणका आधारहरुः**

(क) विद्यालयको विद्यार्थी संख्या

(ख) विद्यालयको मौजुदा दरबन्दी संख्या

(ग) विद्यालयमा थप गर्नुपर्ने आवश्यक शिक्षक तथा कर्मचारी सम्बन्धी विवरण तयार गर्दा अनुसूची-१ बमोजिम गरिनेछ ।

(घ) संघीय सरकार, प्रदेश सरकार तथा नगरपालिकाबाट स्वीकृत भएको अनुदान

(ङ) गत आ.व. मा विद्यालयले यस शिर्षकबाट प्राप्त गरेको अनुदान

४.२ शिक्षा, युवा तथा खेलकुद शाखाबाट विद्यालयमा उपलब्ध हुने अनुदानको लागि विवरण तयार गरी नगर शिक्षा समितिबाट कार्यपालिकामा निर्णयका लागि सिफारिस गरी कार्यपालिकाबाट अनुमोदन गरिनेछ।

## परिच्छेद-५

## कार्यक्रम कार्यान्वयन प्रक्रियाः

५.१ सामुदायिक विद्यालयमा बालविकास देखि कक्षा १० सम्म निःशुल्क शिक्षा कार्यान्वयन गर्ने सन्दर्भमा निजी स्रोत शिक्षक तथा कर्मचारीको व्यवस्थापनका लागि निम्नानुसार गरिनेछ ।

(क) विद्यालय अनुसार तहगत तथा विषयगत रुपमा शिक्षक तथा कर्मचारीको संख्या निर्धारण अनुसूची-२ बमोजिम शिक्षा, युवा तथा खेलकुद शाखाद्वारा क्रमशः आवश्यकतानुसार परिमार्जन गरिनेछ ।

(ख) यो कार्यविधि लागु हुनुभन्दा पहिले विद्यालयमा कार्यरत रहेका निजीस्रोत शिक्षकहरुको नियुक्ति प्रक्रिया र शैक्षिक योग्यता प्रचलित कानून बमोजिम रहेमा ती शिक्षक र कर्मचारीलाई विद्यालय व्यवस्थापन समितिले निर्णय गरी उक्त अनुदान रकम उपलब्ध गराउने गरी पदस्थापन गर्न सक्नेछ।

(ग) विद्यालयहरुको लागिथप आवश्यक पर्नेशिक्षक तथा कर्मचारीको संख्या यकीन पश्चात पदपूर्तिका लागि विद्यालयबाट विज्ञापन तथा सूचना प्रकाशन गर्ने ।

(घ) शिक्षक तथा कर्मचारी पदपूर्ति गर्दा शिक्षक सेवा आयोगको शिक्षक पदपूर्ति सम्बन्धी पाठ्यक्रमलाई आधार मानीपरीक्षा सञ्चालन गर्ने र नतिजा प्रकाशन गर्ने ।

(ङ) यस कार्यविधि बमोजिम नियुक्ति भएका शिक्षक तथा कर्मचारीहरुलाई संघीय सरकार र प्रदेश सरकारबाट दरबन्दी प्राप्त भई आएमा स्वतः यस्तो शिक्षक पद खारेज गरिनेछ वा अनुदान रकम घटाइनेछ । संघीय तथा प्रदेश सरकारबाट अनुदान रकम प्राप्त भएमा यस कार्यविधि बमोजिम नियुक्ति पाएका शिक्षकलाई प्राथमिकतामा राख्न पहल गरिनेछ ।

(च) यस कार्यविधि बमोजिम नियुक्ति पाएका शिक्षकहरुको वार्षिक रुपमा कार्य सम्पादन मूल्यांकन फारम भरी मूल्यांकन गरिनेछ । मूल्यांकन गर्दा कार्यसम्पादन सन्तोषजनक

नदेखिएमा शिक्षक वा कर्मचारीलाई पहिलोपटक स्पष्टीकरण सोधिने छ, सुधार गर्ने अवसर प्रदान गरिने छ त्यति गर्दा पनि नभए पदबाट हटाई पदपूर्ति गरिनेछ ।

**५.२ शिक्षकहरुको तलव भत्ता तथा अन्य कर्मचारीको सुविधाको निर्धारण अनुसूची ३, अनुसूची ४ र अनुसूची ५ मा व्यवस्था भएबमोजिम हुनेछ ।**

**५.३ शिक्षक हुन चाहिने योग्यताः**यस कार्यविधिबमोजिम शिक्षकमा नियुक्ति हुनका लागि तपसिल बमोजिमको योग्यता आवश्यकता पर्नेछ ।

**प्राथमिक** तहः

(क) नेपाली नागरिक,

(ख) अठार वर्ष पूरा भई चालिस वर्ष पूरा नभएको ।

(ग) मगज नबिग्रेको

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको

(ङ) भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी वर्खास्त नगरिएको

(च) १२ कक्षा उत्तीर्ण वा सो सरहको तालिम पूरा गरी स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको,

**निम्न माध्यमिक** तहः

(क) नेपाली नागरिक,

(ख) अठार वर्ष पूरा भई चालिस वर्ष पूरा नभएको ।

(ग)मगज नबिग्रेको

(घ)नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको

(ङ) भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागी अयोग्य ठहरिने गरी वर्खास्त नगरिएको

(च) सम्बन्धित विषयमा कक्षा १२ उत्तीर्ण वा सो सरहको तालिम प्राप्त गरी स्थायी अध्यापन अनुमति प्राप्त गरेको ।

(छ) सामाजिक अध्ययन विषयको हकमा कम्तीमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको।

(ज) शिक्षा विषयमा कम्तीमा १० महिने तालिम पूरा गरेको वा शिक्षा शास्त्रमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षामा २०० पूर्णाकको शिक्षा विषय लिई उत्तीर्ण गरेर स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको ।

**माध्यमिक** तह

(क)नेपाली नागरिक,

(ख)अठार वर्ष पूरा भई चालिस वर्ष पूरा नभएको ।

(ग)मगज नबिग्रेको

(घ)नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको

(ङ)भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागी अयोग्य ठहरिने गरी वर्खास्त नगरिएको

(छ) सामाजिक अध्ययन विषयको हकमा कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको।

(च) शिक्षा विषयमा कम्तीमा १० महिने तालिम लिएको वा शिक्षा शास्त्रमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी स्थायी अध्यापन अनुमति प्राप्त गरेको ।

**५.४ यस कार्यविधि बमोजिमका कर्मचारी हुन चाहिने योग्यताः**

(क) नेपाली नागरिक

(ख) अठार वर्ष पूरा भई चालिस वर्ष पूरा नभएको तथा नीजि स्रोतमा कार्यरत विद्यालय कर्मचारीहरुलाई पदस्थापन गर्दा उमेर हद नलाग्ने ।

(ग) मगज नबिग्रेको

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको

(ङ) भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी बर्खास्त नगरिएको।

(च) विद्यालय कर्मचारी हुन विद्यालयको कर्मचारी व्यवस्थापन कार्यविधीले तोके बमोजिम योग्यता हुनुपर्नेछ ।

**५.५ उम्मेदवारको लागि अयोग्यताः देहायका व्यक्तिहरु शिक्षक पदको उम्मेदवार हुनका लागि योग्य हुन सक्ने छैनन्।**

(क) गैर नेपाली नागरिक

(ख) १८ वर्ष पूरा नभएको

(ग) ४० वर्ष पूरा भएको

(घ) मगज बिग्रेको

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,

(च) भविश्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागी अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको।

(छ) अध्यापन अनुमति पत्र नलिएको ।

**५.६ तलव तथा अन्य सुविधा सम्बन्धी व्यवस्थाः**

तलव भत्ता तथा अन्य सुविधा यस कार्यवधिले तोके बमोजिम हुनेछ ।समय सापेक्ष रुपमा तलव, भत्ता तथा अन्य सुविधा संशोधन गर्नुपरेमा निजी श्रोत शिक्षक तथा कर्मचारी व्यवस्थापन तथा कार्यान्वयन निर्देशक समितिको सिफारिस बमोजिम कार्यपालिकाले व्यवस्थापन गर्नेछ ।

## परिच्छेद – ६

## विविध

६.१ **बजेट सिमाः** नगर सभाबाट पारित भएकोबजेटलाई अनुसूची बमोजिम बाँडफाँड गरी कार्यप्रगतिको आधारमा र त्रैमासिक रुपमा विद्यालयको खातामा निकासा गरिनेछ । यसरी विद्यालयले प्राप्त गरेको अनुदानबाट विद्यालयको अन्य शैक्षिक गुणस्तर अभिवृद्धि सम्बन्धी कार्य गर्ननपुग भएमा विद्यालय व्यवस्थापन समितिले कार्यविधि बनाई अभिभावकको सहमतिमा करार सम्झौता गरी कार्य गर्न बाधा पर्ने छैन। तर अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ कार्यान्वयन गर्ने प्रयोजनका लागि विद्यालयले कुनै पनि अभिभावकबाट विद्यार्थी भर्ना शुल्क र मासिक शुल्क लिन पाइनेछैन ।

६.२ **निजी स्रोत शिक्षक तथा कर्मचारी अनुदान थपघट वा खारेज गर्न सकिनेः** संघीय सरकार तथा प्रदेश सरकारबाट शिक्षक दरबन्दी प्राप्त भएमा वा विद्यालयमा पर्याप्त शिक्षक भएमा शिक्षक विद्यार्थी अनुपातको आधारमा कार्यपालिकाले निजी शिक्षक अनुदान थपघट वा खारेज गर्न सक्नेछ।

६.३ **प्रचलित कानून बमोजिम हुनेः** प्रचलित कानूनमा व्यवस्था भएका विषयहरुमा सोही बमोजिम र बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

६.४ **अन्तिम व्याख्याः** यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा हुन आएमा नगर कार्यपालिकालेगरेको व्याख्या अन्तिम हुनेछ ।

## परिच्छेद –७

## खारेजी र बचाउः

७.१ यस कार्यविधि जारी हुनु पूर्व निजी स्रोत शिक्षक र कर्मचारीलाई उपलब्ध गराएको अनुदान यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

७.२ यो कार्यविधि कार्यान्वयन सम्बन्धी कुनै वाधा अड्काउ फुकाउनु परेमा कार्यपालिका मार्फत गरिनेछ।

## अनुसूची -१

### निजी श्रोत शिक्षक कोटा निर्धारणका आधारहरुः

१ प्राथमिक तहको हकमा नेपाल सरकारको मापदण्ड अनुसारको न्यूनतम ३ दरबन्दी

२ नि.मा.वि तहमा न्यूनतम ४ शिक्षक

३ मा.वि तहमा न्यूनतम ५ शिक्षक

४ थप दरबन्दीको लागि तपसिल बमोजिम व्यवस्था गर्न सकिने । (आधारभूत तहमा ७५ जना विद्यार्थी बराबर एकजना शिक्षक र माध्यमिक तहको हकमा १०० जना विद्यार्थी बराबर एकजना शिक्षक) थप्न सकिने ।

## अनुसूची -२

### नगरपालिकाले उपलब्ध गराउनुपर्ने विद्यालयगत अनुदान कोटा

| | विद्यालयको नाम | प्रा.वि | नि.मा.वि | मा.वि | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री माध्यमिक विद्यालय अमिलिया | ० | २ | २ | |
| २ | श्री बगारबाबा मा.वि रिहार | ० | २ | २ | |
| ३ | श्री रासी मा.वि उचानिम्बू | ० | ३ | २ | |
| ४ | श्री आदर्श मा.वि देउपुर | ० | ६ | ४ | |
| ५ | श्री खिम बहादुर शाह मा.वि कोलही | ० | ० | २ | |
| ६ | श्री बाल जनता माध्यमिक विद्यालय वनगाउँ | १ | ० | ० | |
| ७ | श्री माध्यमिक विद्यालय फल्कापुर | ० | ५ | ४ | |
| ८ | श्री सूर्य विनायक मा.वि नर्ती | ० | ० | २ | |
| ९ | श्री मा.वि सोनपुर | ० | ० | १ | |
| १० | श्री बाल जनता आधारभूत विद्यालय वनगाउँ | ० | १ | ० | |
| ११ | श्री आधारभूत विद्यालय भत्तरकुण्डा | ० | १ | ० | |
| १२ | श्री ज्ञानज्योति आ.वि भौका | ० | ३ | ० | |
| १३ | श्री अर्जुन मा.वि हसनापुर | ० | २ | ५ | |
| १४ | श्री जनज्योति आ.वि घुम्ना | ० | ० | ० | |
| १५ | श्री बालतारा आ.वि उत्तरमजगाउँ | ० | ० | ० | |
| १६ | श्री हिमाल आ.वि सोनपुर | ० | २ | ० | |
| १७ | श्री बालोदय आ.वि सुनडबरी | ० | ४ | ० | |
| १८ | श्री प्राथमिक विद्यालय भ्यूसनपुर | ० | ० | ० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | श्री प्राथमिक विद्यालय हर्दवा | १ | ० | ० | |
| २० | श्री प्राथमिक विद्यालय असानी | १ | ० | ० | |
| २१ | श्री प्राथमिक विद्यालय दुमदुमा खैरी | ० | ० | ० | |
| २२ | श्री प्राथमिक विद्यालय सितलापुर | ० | ० | ० | |
| २३ | श्री प्राथमिक विद्यालय बौराहा | १ | ० | ० | |
| २४ | श्री प्राथमिक विद्यालय वनकटवा | ० | ० | ० | |
| २५ | श्री प्राथमिक विद्यालय टिकुलीगढ | १ | ० | ० | |
| २६ | श्री मदरसा नुरुल स्लाम | २ | ० | ० | |
| २७ | श्री मदरसा अहिले सुन्नत फैजाने रजा | २ | ० | ० | |
| २८ | श्री त्रिशक्ति प्रा.वि निमडाँडा | २ | ० | ० | |
| कुल जम्मा | | ११ | ३१ | २४ | |

अनुसूची -३

लमही नगरपालिकाको लागि आवश्यक लागत

| तह | तलव स्केल | आवश्यक दरबन्दी | महिना | कुल जम्मा |
|---|---|---|---|---|
| प्रा.वि | २५००० | ११ | १३ | ३५७५०००। |
| नि.मा.वि | ३०००० | ३१ | १३ | १२०९००००। |
| मा.वि | ३५००० | २४ | १३ | १०९२००००। |
| **कुल जम्मा** | | ६६ | | **२६५८५०००।** |

## अनुसूची -४

लमही नगरपालिकाको लागि प्रस्तावित लागत अनुमान (थप कर्मचारी, शिक्षक र परिचारिका पोशाक भत्ता)

| विवरण | दर | | वार्षिक पटक | जम्मा |
|---|---|---|---|---|
| शिक्षक | १०००० | ६६ | १ | ६६००००। |
| परिचारिका | १०००० | ३ | १ | ३०००००। |
| कुल जम्मा | | ६९ | | ६९००००। |

## अनुसूची – ५

लमही नगरपालिकामार्फत थप तलव तथा प्रोत्साहन

| क्र.स | विवरण | दर | संख्या | महिना | जम्मा रकम रु. |
|---|---|---|---|---|---|
| १ | बाल बिकास सहयोगी कार्यकर्ता | ७००० | ३९ | १३ | ३५४९०००। |
| २ | विद्यालय सहायक कर्मचारी | ७००० | ९ | १३ | ८१९०००। |
| ३ | विद्यालय सहयोगी | ७००० | २४ | १३ | २१८४०००। |
| ४ | सामुदायिक सिकाई केन्द्र परिचारिका | ७००० | ३ | १३ | २७३०००। |
| ५ | प्रधानाध्यापक प्रोत्साहन भत्ता | ५०० | २८ | १२ | १६८०००। |
| | कुल जम्मा | | | | ६९९३०००। |

आज्ञाले:

प्रकाश देवकोटा

प्रमुख प्रशासकीय अधिकृत